# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं. ३४ /०८२

मिति: २०८२/०५/२३

## मानव अधिकारको संरक्षण, शान्ति सुरक्षाको प्रत्याभुति गर्न अपिल

सरकारले सामाजिक सञ्जाल नियमनको नाममा नियन्त्रण गरी अभिव्यक्ति स्वतन्त्रतामाथि लगाएको अंकुश तथा देशमा व्याप्त भ्रष्टाचार, कुशासन र दण्डहिनताले आम नागरिकमा उत्पन्न वितृष्णाको कारण Generation – Z समूहलेआज मिति २०८२/०५/२३ गते देशभर आह्वान गरेको शान्तिपूर्ण आन्दोलनमा भएको व्यापक हिंसात्मक दमनका कारण अहिलेसम्म १५ जना युवाको मृत्यु भइसकेको र सयौं युवा गम्भीर घाइते भई उपचारार्थ रहेको विषयमा यो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नागरिकको सुरक्षा तथा देशमा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी लिएको राज्यबाट आजको यस Gen–z आन्दोलनमा भएको घटनामा शान्ति सुरक्षा कायम गर्न पर्याप्त तयारी गर्न नसकेको र सामान्य अवस्थामा पनि शान्ति सुरक्षा कायम गर्न नसकेबाट सरकार हतासको मनस्थितिले निहत्ता नागरिक माथि मानव अधिकारको गम्भीर उल्लंघन गरि बरबर दमन गरेको प्रष्ट देखिएको र सरकारको निरङ्कुश व्यवहार प्रति यो संगठन घोर भत्सर्ना गर्दछ ।

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले नागरिकलाई शान्तिपूर्ण भेला, जुलुस, विरोध प्रदर्शन गर्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ। शान्ति सुरक्षाको जिम्मेवारी लिएको राज्यले जिम्मेवारी पुरा गर्न नसकेको लगायतको कमजोरीलाई प्रदर्शनकारीहरूको हिंसात्मक गतिविधिको आडमा राज्यको गैर जिम्मेवारी र निरङ्कुशतालाई कार्यलाई ढाकछोप नगर्न र जिम्मेवारी पुरा नगर्नेहरुले तत्काल पद छोड्न र यस्तो अमानवीय घृणित कार्यका दोषी नउम्काउन र तथा उक्त घटनाका राज्य, गैरराज्य दुवै पक्षका सम्पूर्ण दोषीलाई कानुनी दायरामा ल्याउन र मृतकको परिवारलाई उचित राहत र घाइतेको निःशुल्क उपचार गर्न तथा अबका दिनमा सुरक्षा कमजोरीको कारण सर्वसाधारंण नागरिक पीडित हुन नपर्ने ग्यारेन्टी गर्दै मानव अधिकारको सम्मान गर्न यो संगठन नेपाल सरकार तथा सरोकारवालाहरू सबैमा हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल

अध्यक्ष